# गुल्मीदरबार गाउँपालिकाको योजना कार्यान्वयन सम्बन्धी लागत अनुमान, उपभोक्ता समिति गठन तथा सम्झौता कार्यविधि

परिच्छेद – १

प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यस कार्यविधीको नाम गुल्मीदरबार गाउँपालिका योजना कार्यान्वयन सम्बन्धी लागत अनुमान,उपभोक्ता समिति गठन तथा सम्झौता कार्यविधि,२०७४ रहनेछ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “गाउँपालिका” भन्नाले गुल्मीदरबार गाउँपालिका बुझिनेछ ।

(ख) “कार्यविधि” भन्नाले गुल्मीदरबार गाँउपालिकाको योजना कार्यान्वयन सम्बन्धी लागत अनुमान, उपभोक्ता समिति गठन तथा सम्झौता कार्यविधि, २०७४ लाई बुझाउने छ।

(ग) “अध्यक्ष” भन्नाले गुल्मीदरबार गाउँपालिकाका अध्यक्षलाई बुझिनेछ।

(घ) “उपाध्याक्ष” भन्नाले गुल्मीदरबार गाउँपालिकाका उपाध्यक्षलाई बुझिनेछ।

(ङ) “वडा अध्यक्ष” भन्नाले गुल्मीदरबार गाउँपालिकाका सातवटा वडाका वडा अध्यक्षहरुलाई बुझिनेछ।

(च) “गाउँ कार्यपालिका” भन्नाले गुल्मीदरबार गाउँ कार्यपालिकालाई बुझिनेछ।

(छ) “वडा समिति” भन्नाले गुल्मीदरबार गाउँपालिकाका सातवटै वडामा रहेका वडा समितिहरुलाई बुझिनेछ।

(ज) “योजना” भन्नाले गुल्मीदरबार गाउँपालिका भित्र संचालित आर्थिक विकास, सामाजिक विकास,पुर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन,संस्थागत विकास सेवा प्रवाह र सुशासनसँग सम्बन्धित गुल्मीदरबार गाउँसभाबाट छुट्टाइएका योजनाहरु बुझिनेछ।

(झ) ”उपभोक्ता” भन्नाले कुनै योजनाबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा लाभान्वित हुने उपभोक्ताहरु बुझिने छ।

(ञ) “उपभोक्ता समिति” भन्नाले गुल्मीदरबार गाउँपालिकामा संचालन हुने जुनसुकै पनि योजनाको काम सम्पन्न गर्न बनेको गठित उपभोक्ताको समितिलाई सम्झनु पर्छ।

## परिच्छेद २

## उपभोक्ता समिति गठन प्रकृया सम्बन्धी कार्यविधि

३. उपभोक्ता समिति गठन प्रकृया कार्यबिधि :

(१) गुल्मीदरबार गाउँपालिकाका योजनाहरु कार्यान्वयन सम्बन्धमा उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका प्रावधानहरू पालना गरिनेछ :-

क) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै ५ (पाँच) देखि ११ (एघार) सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

ख) स्थानीय तहका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रूपमा स्थानीय तहको कुनै पनि पदमा आसिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

ग) उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा ३३ (तेत्तीस) प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष,सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी अनिवार्य हुनुपर्नेछ । उपभोक्ता समिति गठनगर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू सामान्यतया साक्षर हुनुपर्नेछ ।

घ) उपभोक्ता समिति गठन गर्दा स्थानीय वडाका निर्वाचित जन प्रतिनिधि वा स्थानीय वडाका सचिवले वा स्थानीय तहको कुनै कर्मचारी वा सामाजिक परिचालकको रोहबरमा गर्नुपर्नेछ । यसरी खटिने जनप्रतिनिधि, कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरेपछि सो सम्बन्धी प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

ङ) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको पाइएमा वा सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने जनप्रतिनिधि, कर्मचारी, सामाजिक परिचालक, व्यक्ति वा संस्थालाई समेत कारवाही हुनेछ ।

च) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएका जनप्रतिनिधि, कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउनु पर्नेछ ।

छ) विद्यालयहरुको हकमा कुनै पनि योजनाको काम विद्यालय व्यवस्थापन समितिले गर्न सक्ने देखिएमा विद्यालय व्यवस्थापन समितिलाई गराउन सकिने छ । उक्त कार्यका लागी विद्यालय व्यवस्थापन समितिमा कुनै पनि निर्वाचित जन प्रतिनिधिहरु भएको खण्डमा योजनाको निर्माण समितिमा बस्न पाउने छैन् । माथी जे सुकै भनिएता पनि विद्यालयको कर्मचारी वा शिक्षकको हकमा विद्यालय व्यवस्थापन समितिमा सदस्य सचिव भएको शिक्षकले योजनाको निर्माण कार्य गर्न मनासिव देखिएमा सदस्य सचिवले योजना सम्झौता गर्न सक्ने छ ।

(२) उपभोक्ता समितिले गर्नुपर्ने कार्य विवरण :

क) यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्वकार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरूमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिइनेछ ।

ख) तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकममाग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी दिइने छैन ।

ग) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता संचालकहरूको तीनपुस्ते खुलाई आयोजना खाता र स्थानीय तहमा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरूको अभिलेख उपभोक्ता समितिको सचिबले राख्नुपर्नेछ । साथै कुनै पनि संस्था र विद्यालयहरुको हकमा भने नया खाता संचालन गर्नका लागी सिफारीस माग भई आएमा सिफारीस गरीने छ साथै पुरानै खाता भएको खण्डमा सोही खातामा रकम भुक्तानी माग भएमा पुरानो खातामा रकम भुक्तानी दिन उपयुक्त देखिएमा सोही खातामै रकम जम्मा गराउन गर्न सकिने छ ।

घ) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिकगर्नुको साथै सम्बन्धित उपभोक्ता र स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ । गाउँपालिकाबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ-संस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

ङ) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरू श्रममूलक प्रविधिमा आधारित रही स्थानीयश्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

च) श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरीमेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता

समितिसँग भएको सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

छ) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय  प्रगतिप्रतिवेदन सम्झौतामा तोकिए बमोजिमको ढाँचामा तोकिएको समयमा गुल्मीदरबार गाउँपालिकामा पठाउनु पर्नेछ ।

ज) गुल्मीदरबार गाउँपालिकाले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवम् गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी लगत व्यवस्थित गर्नुपर्नेछ ।

झ) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि स्थानीय तहको योजना शाखा वा योजना सम्बन्धीकाम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहितउपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागिनिर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

ञ) गुल्मीदरबार गाउँपालिका र उपभोक्ता समिति वीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ता द्वारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।

ट) उपभोक्ता समितिलाई गुल्मीदरबार गाउँपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाहदिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

ठ) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने,आयोजनाको निर्माण कार्य गुल्मीदरबार गाउँपालिकाकाको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेकोलागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीयस्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।

ड) उपभोक्ता समितिले मासिक रूपमा बैठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय गाउँपालिकालाई जानकारी गराउने, आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मालिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसेकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्यादमाग गर्ने, कार्यक्रम कार्यान्वयन संग सम्वन्धित सम्पूर्ण खर्चहरूको बिल भरपाई सुरक्षित राख्ने,सम्बन्धित कामको प्रगति बिबरण गाउँपालिकामा उपलब्ध गराउने, कामको फरफारक गराउनुअघि समीक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि गुल्मीदरबार गाउँपालिकामा प्रस्तुत गर्ने आदि कार्यसम्पादन गर्नुपर्नेछ ।

ढ) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता  समितिको पदाधिकारीको नाम, कार्य शुरू तथा सम्पन्न मिति समेत खुल्ने

गरी सम्वन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन गुल्मीदरबार गाउँपालिकामा प्रस्तुत गर्नुपर्दछ ।

ण) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीयजनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलब्धनगराएको भनी सम्वन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा गाउँपालिकामा सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनःगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ ।

## परिच्छेद ३

## योजना अनुगमन सम्बन्धमा

४. योजना अनुगमन :

(१) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी गुल्मीदरबार गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, सम्बन्धित वडा कार्यालयको हुनेछ ।

(२) गाउँपालिकाले कार्यक्रम वा आयोजना अनुगमन तथा मूल्यांकन र सहजिकरण गर्न गाउँपालिका स्तरीय मूल अनुगमन समिति तथा अनुगमन समति गठन गरि कार्य जिम्मेवारी प्रदान गर्नेछ ।

५. अनुगमन तथा मूल्याकंन एवं सहजीकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :

क) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना संचालन वा
कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण वडा अध्यक्ष वा वडा सदस्यको संयोजकत्वमा गर्न ३ देखि ५ सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

ख) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्नकार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा गाउँपालिकासँग गरेको सम्झौता रप्रचलितकानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धितउपभोक्तासमितिका सदस्यहरूलाई र स्थानीय तहलाईलाई सोको जानकारी गराउनुकार्यक्रमवा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

ग) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारककोनिम्ति सिफारिश गर्नु पर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानीर फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेकाकार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरू अगाडि बढाउन बाधा परेकोमानिने छैन ।

घ) गाउँपालिका स्तरीय अनुगमन समितिले आयोजना सुपरिवेक्षण र अनुगमन गरी आयोजना सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र सम्वन्धित

गाउँपालिकालाई उपलब्ध गराउने, आयोजना सञ्चालनबाटस्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिकोसुपरिवेक्षण गरी जानकारी लिने, आयोजना सञ्चालनको क्रममा देखा परेका वाधा ब्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्वन्धित उपभोक्ता समिति र गाउँपालिकामा  पेश गर्ने तथा उपभोक्ता समितिले गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ४

## योजना सम्झौताका लागी अपनाउनु पर्ने प्रक्रिया :

६. योजना सम्झौता गर्दा निम्न अनुसारको प्रकृया अपनाउनु पर्ने :

क) योजना सम्झौता गर्नको लागि उपभोक्ता समितिको निर्णय हुनुपर्नेछ ।
ख) उपभोक्ता समितिको नाममा तोकिएको बैंकमा तीन जना रहने गरी समावेशी खाता खोल्ने निर्णयका साथै खाता खोलेको बैंक भौचर पेश गर्नु पर्नेछ ।
ग) वडा कार्यालयबाट योजना सम्झौताका लागि किटानी सिफारिस गर्नुपर्नेछ ।
घ) उपभोक्ता समितिले काम सुरुवात गर्ने निर्णय गरेको हुनुपर्नेछ ।
ङ) भेलाबाट समावेशी अनुगमन समिति ३ देखि ५ जना सम्मको गठन गरेको हुनुपर्नेछ ।
च) योजना सम्झौता गर्न आउँदा उपभोक्ता समितिको अध्यक्ष वा सचिवको निवेदन सहित आउनु पर्नेछ ।
छ) योजना सम्झौता फारम वडा कार्यालयका बाट तयार पारी ल्याउनु पर्नेछ ।
ज) उपभोक्ता समितिको नाममा स्टाम्प छाप बनाउनु पर्नेछ ।
झ) योजनाको लागत इस्टिमेट प्राविधिकलाई देखाइ तयार पारी ल्याउनु पर्नेछ ।
ञ) ५ लाख भन्दा बढि रकम विनियोजन भएका योजनाको तोकिएको विवरणमा सबैले देख्ने गरी सूचनापाटी तयार पारी राख्नुपर्नेछ ।

## परिच्छेद ५

## भुक्तानी प्रकृया

७. रकम भुक्तानीका लागी निम्न अनुसारको प्रक्रिया हुनेछन्  :

क) उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फछ्र्यौट गर्दा प्रथम किस्ताकोप्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिकोबैठकको प्रतिलिपि समेत राखी गाउँपालिकामा निवेदन दिनुपर्नेछ । यस विवरणकोआधारमा अघिल्लो किस्ताको पेश्की फछ्र्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोहीवरावरको रकम उपलब्ध गराईनेछ । उपभोक्ता समिति स्वयम्ले प्रत्येक किस्तामा गरेको खर्चकोसूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

ख) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी गाउँपालिकाको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानीदिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथाउपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नुपर्नेछ । साथै निम्न बमोजीमका अनुसुचि फारामहरु भरी पेश गर्ने पर्ने छ ।

१) अनुसुचि १३ (खर्च सर्वाजनीक)
२) अनुसुचि २८ ( सार्वजनीक परिक्षण)

ग) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि गाउँपालिकाले रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्न सक्नेछ ।

घ) स्थानीय तह गुल्मीदरबार गाउँपालिकाले आफैले संचालन गरेको वा उपभोक्ता समिति, गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण कार्यक्रम,कार्यशालाजस्ता कार्यक्रमहरूको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय,कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि,कार्यक्रमका सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रकोप्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्वीरहरू सहित आर्थिक प्रशासन नियम बमोजिमका अन्य बील भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्नेछ ।

ङ) उपभोक्ता समितिले आयोजनाहरू संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउनेदायित्व र जिम्मेबारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

८.भुक्तानिको लागि आउँदा पुऱ्याउनु पर्ने पक्रिया

क) काम सम्पन्न भए पश्चात उपभोक्ता समितिको बैठक बसी काम सम्पन्न भएको खर्च सार्वजनिक तथा अनुमोदन र निकाशा माग सम्बन्धमा भएको निर्णयको प्रतिलिपि
ख) वडा कार्यालयबाट काम सम्पन्न भएको हुँदा भुक्तानीका लागि बैंक खाता नं.उल्लेख गरि किटानी सिफारिस पत्र ।
ग) प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन ।
घ)अनुगमन समितिको बैठकको आय व्यय सहितको भुक्तानी सिफारिसको निर्णय
ङ) रकम निकासा मागको निवेदन
च) गाउँपालिकाको कार्यालयबाट योजनाको अनुगमन भएको भए प्रतिवेदनको प्रतिलिपि
छ) आवश्यक विल भरपाई सबै ।
ज) योजनासँग सम्बन्धीत कार्यहरु देखिने गरि लिएका फोटाहरु
झ) सार्वजनिक सूचना पाटीको फोटा (पाँच लाख भन्दा माथिका योजनाका लागि)

ञ) जाचपाँस फारम भरी पेश गर्नु पर्ने छ । ( एकलाख भन्दा माथीको योजनाको लागी)

परिच्छेद ६

विविध

९.अन्य प्रचलीत कानुन बमोजीम गर्नु पर्ने विषयहरुमा असर नपर्ने :

(१) कुनै पनि योजना कार्यान्वयन सम्बन्धी लागत अनुमान, उपभोक्ता समिति गठन तथा सम्झौताको सम्बन्धमा प्रचलित नेपाल कानुनमा छुट्टै व्यवस्था भएकोमा यस कार्य विधिमा लेखिएको कुनै कुराले असर पार्ने छैन् ।

(२) यस कार्यविधिमा कुनै कुरा उल्लेख हुन छुट भएको खण्डमा र बाधा अडकाउ भएको खण्डका त्यस्ता विषयहरुका बारेमा प्रचलील ऐन नियम र कानुन बमोजीम हुनेछ ।

परिच्देद ७

खारेजी तथा बचाउ

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा “स्थानीय सरकार संचालन ऐन” तथा अन्य प्रचलीत कानुन सँग बाँझिएको हकमा बाँझिएकै हदसम्म खारेजी हुने छ ।

अनुसुची १३

(कार्यविधिको दफा २५(१४) सँग सम्बन्धित)

खर्च सार्वजनीक फाराम

श्री गूल्मीदरबार गाउँपालीकाको कार्यालय
गौंडाकोट, गुल्मी ।

## खर्च सार्वजनिक सुचना फारम

१. योजनाकाको नाम : २. कार्य भएको आयोजनाको स्थल :

३. विनियोजित बजेट : ४. आयोजनको कुल ल.ई. :

५. आयोजनाको लक्ष्य (कि.मि./गोटा/मिटर/अन्य :

६. आयोजन सम्झौता मिति : ७. कार्य सम्पन्न हुने मिति :

८. आयोजनाबाट लाभाविन्त जनसंख्या : (क) पुरुष : (ख) महिला : (ग) जम्मा :

९. आयोजनाबाट लाभावन्वीत समुदाय : (क) आदिबासी/जनजाती: (ख) दलित : (ग) बालबालिका : (घ) अपाङ्ग : (ङ) अन्य : (च) जम्मा :

## खर्चको विवरण

अ. अनुदान तर्फ : आ. श्रमदान तर्फ :

क. निर्माण सामाग्री (आयात गर्नुपर्ने ) क. निर्माण सामाग्री ( स्थानिय सामाग्री)

१. १.

२. २.

ख. कामदारहरुको विवरण :

१.ज्यामीहरुको संख्या : २. ज्यामीहरुको जम्मा दिन :

३.सिपालु ज्यामीहरुको खंख्या : ४. सिपालु ज्यामीहरुको जम्मा दिन :

५. अदक्ष ज्यामीहरुको संख्या : ६. अदक्ष ज्यामीहरुको जम्मा दिन :

ग. ढुवानीको विवरण : क. ट्रक/ट्रेयाक्टरः ख. मेसिन/औजारः ग. मानिसद्वारा :

७. आयोजनाको मुल्याङ्कन : ८. श्रमदान :

९. कार्य सम्पन्न भएको मिति : १०. आयोजनाको कामको विवरण :

११.स्थानीय उपभोक्ताहरुको नामावली र दस्तखत :

| क्र.स. | नाम थर | दस्तखत | क्र.स. | नाम थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

उपरोक्त विवरण भेला तथा बैठकमा निर्णय गरी जानकारीका लागी तयार गरीएको व्यहोरा प्रमाणित गरिएको छ । आयोजना बारे सार्वजनिक जानकारी सबै सरोकारवालहरुलाई सार्वजनिक स्थलको सूचनापाटिमा टाँस गरिएको छ ।

वडा अध्यक्ष/वडा सचिव उ.स.कोषाध्यक्ष उ.स.को सचिव

उ.स.को अध्यक्ष

**अनुसुची-२८**

**कार्यविधिको दफा ५० को उपदफा (५) सँग सम्बन्धित**

## सार्वजनिक परीक्षण फाराम

**पेश गरेको कार्यालय : गुल्मीदरबार गाउँपालीकाको कार्यालय**

### १. आयोजनाको विवरण :

क) आयोजनाको नाम: ख) आयोजना स्थल :

ग) लागत अनुमान : घ) आयोजना शुरु हुने मिति :

### २. उपभोक्ता सिमति/सामुदायीक संस्थाको विवरण

क) नाम :

ख) अध्यक्षको नाम :

ग) सदस्य संख्या : महिला : पुरुष :

### ३.आम्दानी खर्चको विवरण

| आय तर्फ (कहाँबाट के कति आम्दानी भयो श्रोत खुलाउने) | | | | व्यय तर्फ सामाग्री( केमा के कति खर्च भयो खुलाउने) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | रकम रु /परिमाण | कूल जम्मा रु. | क्रं.सं. | विवरण | दर | परिमाण | जम्मा रु | कूल जम्मा रु | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | कूल जम्मा | | | | | | | | | |

४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |

५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रुपामा लाभान्वित जनसंख्या (आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरु) :

| क.सं. | नाम थर | दस्तखत | क.सं. | नाम थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**६. आयोजना सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले कस्तो कामको जिम्मेबारी लिएका थिए ? (खुलाउने)**

................... ................... .................. ..........

**वडा अध्यक्ष/वडा सचिव** **कोषाध्यक्ष** **सचिव** **अध्यक्ष**

# गुल्मीदरबार गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

गौंडाकोट, गुल्मी

५ नं. प्रदेश, नेपाल

**जाँचपास तथा फरफारक फाराम**

**जाचँपास नं.**
**...............**

मिति.....................................

स्थान....................................

योजनाको नाम ............................................

कुल लागत रकम (गा.पा.ले व्यहोर्ने + श्रमदान).........................................

**जाँचपास समिति**

| सि.नं. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | | संयोजक | | |
| २. | | सदस्य | | |
| ३ | | सदस्य | | |
| ४ | | सदस्य | | |
| ५ | | सदस्य | | |
| ६ | | सदस्य | | |
| ७ | | सदस्य | | |

प्रस्ताव : उपर्युक्त योजनाको जाचँपास तथा फरफारक सम्बन्धमा ।

निर्णय नं. १ उक्त प्रस्ताव माथी छलफल गर्दा सो योजनाको यस जाचँपास समितिले फील्ड अनुगमन गर्दा प्राविधिकको मुल्याङ्कन बमोजीमको कार्य सम्पन्न भई सकेको तथा निम्न कागजातहरु समेत प्राप्त भईसकेकोले देहायको रकम भुक्तनीका लागी मानसिव देखि जाचँपास तथा फरफारक गर्ने निर्णय गरीयो ।

**<u>कागजातहरु :-</u>**

१. उक्त योजनाको सुरु लागत अनुमान (Cost Estimate) र सम्झौत पत्रको फोटोकपी गा.पा.कार्यालयको योजना शाखाबाट पनि प्राप्त गर्न सकिने ।

२. प्राविधिकले तयार गरेको उक्त योजनाको कार्यसम्पन्न प्रतिवेदन (Final Bill)

३. प्राविधिकले तयार गरेको उक्त योजनको नापी किताब (MB)

४. प्राविधिकले प्रमाणीत गरेका उक्त योजना सम्पन्न भएका फोटाहरु

५. कार्य सम्पन्न भएका विल भरपाईहरु हरेक विल भरपाईको पछाडी उपभोक्ता समितिको छाप लगाई अध्यक्षले सही छाप गरेको ।

६. उपभोक्ता समिति गठन गर्दा गठन गरीएको अनुगमन समितिको निर्णय सिफारीस ।

७. लाभाविन्त जनसंख्याको कम्तीमा ५१ प्रतिशत उपस्थिति गराई खर्च विवरण सार्वजनीक गरेको निणर्य ।

गाउँपालीकाकार्याबाट भुक्तानी हुनुपर्ने रकम रु ...........................................................................।

८. ५ लाख भन्दा माथीको योजनाको लागी प्रष्ट देखिने स्थानमा होडीङ्ग बोर्ड राखी  उक्त होर्डिङ्ग बोर्डका फोटाहरु ।

नोट : जाँचपास गरीएका योजनाहरुको जाँचपास गरीएको मिति र जाँचपास नं. सहितको अभिलेख बनाई १ प्रति सम्बन्धीत वडा कार्यालयले अनिवार्य रुपमा राख्नु पर्ने छ ।

........................................          ....................................
....................................

उपभोक्ता स. अध्यक्ष/सचिव          वडाध्यक्ष/सचिव          गा.पा. अध्यक्ष/उपाध्यक्ष